# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।१६ गते।

# प्रेस विज्ञप्ति

**विषयः यस आयोगका सचिव श्री रामेश्वर दंगालको विदाई तथा नवआगन्तुक सचिव श्री घनश्याम उपाध्यायको पदभारण ग्रहण एवं स्वागत कार्यक्रम सम्पन्न।**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८१/०४/१४ गतेको निर्णयानुसार यस आयोगबाट रक्षा मन्त्रालयको सचिवमा सरुवा भई जान लाग्नु भएका सचिव श्री रामेश्वर दंगालको विदाई कार्यक्रम र आयोगमा सरुवा भई आउनु भएका सचिव श्री घनश्याम उपाध्यायको स्वागत कार्यक्रम माननीय प्रमुख आयुक्त प्रेम कुमार राई, माननीय आयुक्तहरु किशोर कुमार सिलवाल, जय बहादुर चन्द, डा. हरि पौडेल र डा. सुमित्रा श्रेष्ठ अमात्य समेतको समुपस्थितिमा सम्पन्न भयो।

यस आयोगमा नेपाल सरकारको मिति २०८१/०४/१४ को निर्णयानुसार सरुवा भई आउनु भएको सचिव श्री घनश्याम उपाध्यायले २०८१/०४/१६ गते पदभार ग्रहण गर्नुभयो।

वहाँले यस गरीमायुक्त संवैधानिक आयोगमा प्रशासन प्रमुखको जिम्मवारी दिएकोमा नेपाल सरकारप्रति हार्दिक आभार व्यक्त गर्दै यस गरीमायुक्त आयोगमा पूर्ण जिम्मेवार र प्रतिवद्ध रही कार्य सम्पादन गर्ने बताउनु भयो। आयोगलाई सफल बनाउनु सबै कर्मचारीहरुको जिम्मेवारी रहेको र आयोगको सफलतानै कर्मचारीको सफलता हुने भएकोले कार्य सम्पादनमा निखार ल्याउने गरी काम गर्नु पर्ने उल्लेख गर्नु भयो।

आयोगबाट सरुवा भई जानु भएका सचिव श्री रामेश्वर दंगालले यस आयोगमा काम गर्न पाएकोमा आफू गौरवान्वित भएको बताउनु हुँदै नयाँ जिम्मेवारी पनि आफ्नो क्षमता, बुद्धि र बिवेकले भ्याएसम्म कुशलतापूर्वक निभाउने प्रण गर्दै मुलुकमा सुशासन कायम गरी आर्थिक सम्वृद्धि ल्याउनमा आफूले सक्दो प्रयास गर्ने बताउनु भयो। साथै, यस आयोगमा आफूप्रति गरिएको विश्वास र सम्मानका साथ काम गर्ने वातावरण जुटाई दिएकोमा आयोगप्रति हार्दिक आभार व्यक्त गर्नु भयो।

कार्यक्रममा बोल्दै माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले यस आयोगमा काम गर्नु गौरवको विषय भएको उल्लेख गर्नु भयो। विदाई भएर जान लाग्नु भएका सचिवले सुशासन कायम गर्न गरेको योगदानको

कदर गर्दै नयाँ जिम्मेवारीमा समेत कूशलतापूर्वक कार्य सम्पादनको लागि शुभ कामना व्यक्त गर्नु भयो। आयोगमा सरुवा भएर आउनु भएका सचिवको स्वागत गर्दै आयोगको लक्ष्य, संवैधानिक दायित्व र जिम्मेवारी पुरा गर्नमा वहँको योगदान हुनेछ भन्नेमा आफूले विश्वास लिएको उल्लेख गर्नु भयो।

प्रवक्ता
नरहरि घिमिरे